नेपाल सरकारबाट स्वीकृत मितिः २०७७.०४.१९

# सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७

प्रस्तावनाः सन्धि सम्पन्न गर्ने कार्यमा संलग्न निकाय तथा पदाधिकारीको जिम्मेवारी र भूमिकालाई थप स्पष्ट र पारदर्शी बनाई सन्धि सम्पन्न गर्ने कार्यविधिमा एकरूपता ल्याउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "सन्धि सम्पन्न गर्ने सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अन्तिम मस्यौदा" भन्नाले वार्ताबाट अन्तिम रुप दिइएको सन्धिको मस्यौदा सम्झनु पर्छ ।

(ख) "अन्तिम मस्यौदामा हस्ताक्षर" भन्नाले कुनै सन्धिको अन्तिम मस्यौदालाई आधिकारिकता प्रदान गर्न गरिने हस्ताक्षर सम्झनु पर्छ ।

(ग) "अभिलेख अधिकारी" भन्नाले सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको सूचना लगायत सन्धि सम्बन्धी सूचना दाखिला गर्न सन्धिमा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(घ) "आरक्षण" भन्नाले बहुपक्षीय सन्धिमा हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिलाई अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागू नहुने भनी गरेको घोषणा सम्झनु पर्छ र सो शब्दले कुनै पक्षले त्यस्तो प्रावधानको व्याख्या आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा समेतलाई जनाउँछ ।

(ङ) "कानून मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ ।

(च) "प्रारम्भिक हस्ताक्षर (इनिसियल सिग्नेचर/सिग्नेचर एड रिफरेन्डम)" भन्नाले सन्धिको अन्तिम मस्यौदामा नेपाल वा नेपाल सरकारको तर्फबाट पछि सुनिश्चित हस्ताक्षर, लिखतको आदान प्रदान, अनुमोदन, स्वीकृति वा समर्थनको माध्यमबाट सन्धि लागू हुने गरी सहमति व्यक्त गरिने हस्ताक्षर सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) "पूर्णाधिकार (फुल पावर)" भन्नाले सन्धि वार्ता गर्न, सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई नेपाल सरकारले जारी गरेको अधिकारपत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो सन्धि वार्ता गर्दा वा सन्धि हस्ताक्षर गर्दा आरक्षण राख्न वा त्यस्तो सन्धि सम्बन्धमा अन्य कुनै काम गर्न प्रदान गरेको अख्तियारी समेतलाई जनाउँछ ।

(ज) "सन्धि" भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी सङ्गठन बीच लिखित रूपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउँछ।

(झ) "सन्धि परित्याग" भन्नाले सन्धिमा उल्लेख भएको रीत पुऱ्याई सन्धि परित्याग गर्न गरेको घोषणा सम्झनु पर्छ ।

(ञ) "सन्धि सम्पन्न गर्ने प्रक्रिया" भन्नाले सन्धिमा हस्ताक्षर वा सन्धिको अनुमोदन, सम्मिलन स्वीकृति वा समर्थन गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले सन्धि सम्पन्न गर्नको लागि गरिने सम्मेलन, बैठक वा वार्ता प्रक्रिया समेतलाई जनाउँछ।

(ट) "समन्वय समिति" भन्नाले दफा ३३ बमोजिमको समन्वय समिति सम्झनु पर्छ।

(ठ) "सम्बन्धित मन्त्रालय" भन्नाले नेपाल सरकारको कार्य विभाजन नियमावली बमोजिम सन्धिसँग सम्बन्धित विषयमा काम गर्न जिम्मेवारी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(ड) "सामान्य हस्ताक्षर" भन्नाले अनुमोदन, स्वीकृति वा समर्थन गर्ने गरी कुनै बहुपक्षीय सन्धिमा तोकिएको अवधि र स्थानमा गरिने हस्ताक्षर सम्झनु पर्छ ।

(ढ) "सुनिश्चित हस्ताक्षर (डिफिनिटिभ सिग्नेचर)" भन्नाले नेपाल वा नेपाल सरकारको हकमा कुनै सन्धि लागू हुने सहमति व्यक्त गर्न त्यस्तो सन्धिमा गरिने हस्ताक्षर सम्झनु पर्छ ।

(ण) "संघीय संसद" भन्नाले नेपालको संविधानको धारा ८३ बमोजिमको संघीय संसद सम्झनु पर्छ ।

(त) "हस्ताक्षर" भन्नाले अन्तिम मस्यौदामा गरिने हस्ताक्षर, प्रारम्भिक हस्ताक्षर, सामान्य हस्ताक्षर वा सुनिश्चित हस्ताक्षर सम्झनु पर्छ ।

३. <u>सन्धि गर्ने प्रक्रियाको प्रारम्भः</u> (१) सम्बन्धित मन्त्रालयले आफ्नो जिम्मेवारी भित्रको विषयमा अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान वा अभिवृद्धि गर्न कुनै मुलुक वा अन्तर्राष्ट्रिय सङ्गठनसँग सन्धि गर्न उपयुक्त देखेमा वा कुनै सन्धिको वार्तामा सहभागी हुन, त्यसमा हस्ताक्षर गर्न वा पक्ष बन्न

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कुनै मुलुक, संयुक्त राष्ट्र संघ वा अन्य कुनै निकायबाट निमन्त्रणा प्राप्त गरेमा यस निर्देशिका बमोजिमको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) देहायको कुनै विषय कार्यान्वयन गर्न उपदफा (१) बमोजिम सन्धि गर्ने प्रक्रिया प्रारम्भ गर्न सकिनेछः-

(क) प्रचलित कानून,

(ख) संघीय संसदको संकल्प प्रस्ताव,

(ग) सर्वोच्च अदालतको फैसला,

(घ) संवैधानिक आयोगको सिफारिस,

(ङ) वार्षिक नीति, बजेट, आवधिक योजना, कार्ययोजना वा पूर्वाधार विकास आयोजना,

(च) संयुक्त राष्ट्र संघको महासभा तथा सुरक्षा परिषद्बाट पारित प्रस्ताव वा घोषणा,

(छ) मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गत नेपाललाई प्राप्त सिफारिस,

(ज) नेपाल पक्ष रहेको सन्धि अन्तर्गतको संयन्त्रको सिफारिस तथा टिप्पणी,

(झ) द्विपक्षीय बैठक वा भेटघाटमा भएको समझदारी,

(ञ) अन्तर्राष्ट्रिय बैठक, सभा वा सम्मेलनको आह्वान,

(ट) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय ।

४. <u>प्रारम्भिक अध्ययनः</u> (१) दफा ३ को उपदफा (१) बमोजिम नेपाल वा नेपाल सरकार पक्ष हुने गरी कुनै सन्धि गर्ने प्रक्रिया प्रारम्भ गर्नु अघि सम्बन्धित मन्त्रालयले प्रारम्भिक अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गरी प्रतिवेदन पेश गर्न सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा अन्य सरोकारवाला मन्त्रालय वा निकायका प्रतिनिधि र सम्बन्धित बिषयका विज्ञ समेत रहेको एक अध्ययन टोली गठन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित अध्ययन टोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि त्यस्तो टोली गठन गर्दाका बखत सम्बन्धित मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम प्रारम्भिक अध्ययन गर्दा देहायका विषयमा अध्ययन गरी त्यस्तो विषयमा थप विस्तृत अध्ययन गर्न आवश्यक भए वा नभएको कुरा समेत खुलाई प्रारम्भिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) सन्धिको पक्ष हुँदा पर्न सक्ने असर वा प्रभाव र त्यस्तो असर वा प्रभाव व्यापक, गम्भीर वा दीर्घकालीन प्रकृतिको हुने वा नहुने,

(ख) सन्धिको पक्ष हुँदा प्राप्त हुने सम्भाव्य अवसर र सामना गर्नु पर्ने सम्भाव्य चुनौती,

(ग) सन्धि कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत संरचना तथा अन्य व्यवस्था,

(घ) सन्धि सम्पन्न गर्दा राष्ट्रिय हितको दृष्टिले नेपालको तर्फबाट लिनु पर्ने अडान वा राख्नु पर्ने धारणा,

(ङ) सन्धि कार्यान्वयन गर्न नयाँ कानून बनाउन वा भएको कानूनमा संशोधन गर्नुपर्ने वा नपर्ने,

(च) सन्धिको पक्ष हुँदा पर्न सक्ने आर्थिक दायित्व ।

५. <u>विस्तृत अध्ययन गर्नु पर्नेः</u> (१) नेपाल वा नेपाल सरकार पक्ष हुने गरी देहायको कुनै सन्धिमा सुनिश्चित हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने प्रक्रिया प्रारम्भ गर्नु अघि त्यस्तो सन्धिबाट पर्न सक्ने असर वा प्रभावको सम्बन्धमा विस्तृत अध्ययन गर्नु पर्नेछः-

(क) दफा ४ बमोजिम प्रारम्भिक अध्ययन प्रतिवेदनमा विस्तृत अध्ययन गर्नु पर्ने भनी सिफारिस गरिएको सन्धि,

(ख) अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नु पर्ने सन्धि,

(ग) नेपाल सरकार, सम्बन्धित मन्त्रालय वा समन्वय समितिले विस्तृत अध्ययन गर्नु पर्ने भनी निर्णय गरेको सन्धि।

(२) उपदफा (१) बमोजिमको विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि र सम्बन्धित विषयका विज्ञ समेत रहेको अध्ययन टोली गठन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अध्ययन टोलीले अध्ययन तथा विश्लेषण गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन तयार गर्दा अध्ययन टोलीले आवश्यकता अनुसार सरोकारवाला व्यक्ति, निकाय तथा विज्ञ समेतको राय, सुझाव वा प्रतिक्रिया लिन सक्नेछ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधारमा सम्बन्धित मन्त्रालयले समन्वय समितिलाई जानकारी दिई कुनै सन्धिमा सुनिश्चित हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्ने प्रक्रिया प्रारम्भ गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

६. वार्ता टोलीको गठनः (१) कुनै सन्धिको विषयमा वार्ता गर्ने मिति र स्थान तय भएपछि सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय र आवश्यकता अनुसार अन्य सरोकारवाला मन्त्रालय वा निकायको प्रतिनिधि रहेको वार्ता टोली गठन गर्ने प्रस्ताव तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन, दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भएमा त्यस्तो अध्ययन प्रतिवेदन र तत्सम्बन्धी कार्ययोजना भए सो समेत संलग्न गर्नु पर्नेछ ।

(३) वार्ता टोलीको संयोजन सम्बन्धित मन्त्रालयले गर्नेछ ।

७. वार्ता टोलीको काम, कर्तव्यः (१) दफा ६ बमोजिम गठित वार्ता टोलीले सन्धिको वार्तामा भाग लिनु अघि टोलीको नेता वा सम्बन्धित जिम्मेवार पदाधिकारीले वार्ताको विषयवस्तुको आधारमा टोलीका प्रत्येक सदस्यको जिम्मेवारी र भूमिका निर्धारण गरी त्यसको जानकारी टोलीका सदस्यहरुलाई दिनु पर्नेछ ।

(२) वार्तामा भाग लिनु अघि वार्ता टोलीले दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन र दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भएमा त्यस्तो अध्ययन प्रतिवेदनमा औंल्याइएका विषयहरू, त्यस्तै विषयमा नेपालको अनुभव र अभ्यास तथा प्रस्ताव गरिएको सन्धिको पाठ वा विषयवस्तु समेत अध्ययन गरी वार्ताको लागि आवश्यक धारणा तथा रणनीति तय गर्नु पर्नेछ ।

(३) वार्ता टोलीले सन्धिको वार्ताको लागि मस्यौदा उपलब्ध भएकोमा त्यस्तो मस्यौदामा रहेका प्रत्येक दफाको व्यवस्था, सोको अर्थ, त्यसबाट पर्न सक्ने असर र गर्नु पर्ने सुधारको विषयमा दफावार छलफल तथा विश्लेषण गर्नु पर्नेछ ।

(४) नेपालको तर्फबाट सन्धिको मस्यौदा प्रस्ताव गर्दा त्यस्तो मस्यौदामा उपदफा (३) बमोजिमको छलफल र विश्लेषणको अतिरिक्त सो मस्यौदामा उठ्न सक्ने जिज्ञासा र त्यसको जवाफको विषयमा समेत आवश्यक तयारी गर्नु पर्नेछ ।

(५) सम्बन्धित मन्त्रालयले वार्ता टोलीमा भएको छलफल र निर्णयको अभिलेख राख्नु पर्नेछ ।

८. पूर्णाधिकारः (१) सम्बन्धित मन्त्रालयले सन्धि सम्पन्न गर्ने प्रक्रियामा सहभागी हुने टोलीको नेता वा अन्य कुनै अधिकारीलाई सोको लागि पूर्णाधिकार दिने स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिमको वार्ता टोली गठन गर्ने स्वीकृतिको लागि प्रस्ताव पेश गर्दाकै अवस्थामा पूर्णाधिकार दिने स्वीकृतिको लागि समेत पेश गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पूर्णाधिकार दिने निर्णय भएपछि सम्बन्धित मन्त्रालयले निर्णयको प्रति संलग्न गरी पूर्णाधिकार दिनका लागि परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अनुरोध प्राप्त भएपछि परराष्ट्र मन्त्रालयले नेपाल सरकारको निर्णय बमोजिम वार्ता टोलीको अधिकार समेत खुलाई अनुसूची-२ बमोजिमको ढाँचामा पूर्णाधिकार दिनु पर्नेछ ।

९. <u>वार्तामा सहभागिता, मस्यौदा तयारी र जाँचः</u> (१) वार्तामा सहभागी हुँदा वा सन्धिको मस्यौदा तयार गर्दा दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन र दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भएमा त्यस्तो अध्ययन प्रतिवेदनका सुझावलाई समेत ध्यानमा राख्नु पर्नेछ ।

(२) वार्ताको क्रममा सन्धिको मस्यौदा वा वैकल्पिक मस्यौदा तयार गर्दा सो सन्धिको प्रकृति अनुरुप तत्सम्बन्धमा प्रचलित अन्तर्राष्ट्रिय मान्यता र अभ्यास समेतलाई दृष्टिगत गरी तयार गर्नु पर्नेछ ।

(३) वार्ताको क्रममा भएका निर्णय र सन्धिको मस्यौदा परराष्ट्र मन्त्रालय, कानून मन्त्रालय र सम्बन्धित मन्त्रालयका प्रतिनिधिले तयार वा जाँच गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम द्विपक्षीय सन्धिको मस्यौदा तयार गर्दा सामान्यतया देहाय बमोजिमको प्रारुपमा तयार गर्नु पर्नेछः-

(क) सन्धिको नाम, सन्धिका पक्षहरू र प्रस्तावना सहितको प्रारम्भिक भाग,

(ख) सन्धिबाट व्यवस्था गर्न खोजिएको मुख्य विषय, पक्षहरूलाई सन्धिबाट सिर्जना हुने अधिकार र दायित्व, सन्धि कार्यान्वयन गर्ने वा अनुगमन गर्ने संयन्त्र जस्ता सन्धिका महत्वपूर्ण विषयहरू सहितको सारवान भाग, र

(ग) सन्धिको प्रारम्भ, सन्धि लागू हुने अवधि, सन्धिको नवीकरण सम्बन्धी व्यवस्था, सन्धि लागू गर्ने तथा अन्त्य गर्ने तरिका, सन्धि सम्बन्धी विवाद समाधानको तरिका, सन्धिको भाषा, सन्धिको मिति, सन्धिका हस्ताक्षरकारीहरूको नाम र पद जस्ता औपचारिक कुराहरू समेटिएको अन्तिम भाग ।

(५) उपदफा (२) बमोजिम बहुपक्षीय सन्धिको मस्यौदा तयार गर्दा सामान्यतया देहाय बमोजिमको प्रारुपमा तयार गर्नु पर्नेछः-

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) सन्धिको नाम, ग्रहण गरिएको मिति, पक्षहरूको नाम र प्रस्तावना सहितको प्रारम्भिक भाग,

(ख) सन्धिले व्यवस्था गर्न खोजेको मुख्य विषय, सन्धिबाट सिर्जना हुने अधिकार र दायित्व, सन्धि कार्यान्वयन गर्ने वा अनुगमन गर्ने संयन्त्र जस्ता विषय सहितको सारवान भाग, र

(ग) सन्धि हस्ताक्षरको लागि खुला रहने अवधि, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन तथा सो सम्बन्धी लिखत आदानप्रदान, आरक्षण, व्याख्यात्मक घोषणा, प्रारम्भ, सन्धि परित्याग, अन्त्य, संशोधन, संशोधनको प्रारम्भ, विवाद समाधान, सन्धिको अभिलेख अधिकारी तथा सन्धिको भाषा जस्ता विषय सहितको अन्तिम भाग ।

१०. <u>सन्धिको मस्यौदामा हस्ताक्षर</u>ः वार्ता गरी तयार पारिएको सन्धिको मस्यौदामा वार्ता टोलीको पूर्णाधिकार प्राप्त व्यक्तिले सो पूर्णाधिकारको अधीनमा रही द्विपक्षीय सन्धिको हकमा प्रारम्भिक वा सुनिश्चित हस्ताक्षर गर्न र बहुपक्षीय सन्धिको हकमा अन्तिम, प्रारम्भिक वा सामान्य हस्ताक्षर गर्न सक्नेछ ।

११. <u>प्रतिवेदन दिनु पर्ने</u>ः वार्ता सम्पन्न भएपछि वार्ता टोलीको संयोजकले वार्ता टोलीका प्रत्येक सदस्यसँग वार्ताको क्रममा भएका छलफल र सहमतिको विवरण लिई वार्तामा पक्षहरुबाट व्यक्त धारणा, राखिएका अडान, अर्को चरणको वार्ता हुने भए नेपालले चाल्नु पर्ने कदम वा अपनाउनु पर्ने उपाय सहितको एकीकृत प्रतिवेदन प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१२. <u>सहमति लिनु पर्ने</u>ः (१) सम्बन्धित मन्त्रालयले दफा १० बमोजिम हस्ताक्षर भएको सन्धिको मस्यौदामा अग्रीम कारबाही गर्न परराष्ट्र मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयको राय तथा सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राय तथा सहमति माग गर्दा देहायका कागजात संलग्न गरी पठाउनु पर्नेछः-

(क) सन्धिको प्रामाणिक वा हस्ताक्षर भएको प्रति,

(ख) राय तथा सहमति लिने सम्बन्धमा सम्बन्धित मन्त्रालयको कम्तीमा सचिवस्तरीय निर्णयको प्रतिलिपि,

(ग) दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन र दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भए विस्तृत अध्ययन प्रतिवेदन,

(घ) सन्धिमा आरक्षण राखिने वा घोषणा गरिने भए त्यसको मस्यौदा ।

(३) उपदफा (१) बमोजिम राय तथा सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले त्यस्तो सन्धिको मस्यौदा कानून मन्त्रालयको सहमतिको लागि पठाउनु पर्नेछ। त्यसरी पठाउँदा उपदफा (२) मा लेखिएका विवरण तथा कागजातको अतिरिक्त देहायका कागजात समेत संलग्न गर्नु पर्नेछः-

(क) सन्धिमा हस्ताक्षर गर्नको लागि पूर्णाधिकार दिने सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णय,

(ख) वार्तामा भएको छलफल तथा निर्णयको अभिलेख,

(ग) अन्य सरोकारवाला मन्त्रालयबाट प्राप्त राय तथा सहमतिको प्रतिलिपि,

(घ) सन्धि नेपाली भाषामा अनुवाद गरिएको भए त्यसको प्रति,

(ङ) बहुपक्षीय सन्धिको कुनै धारामा भएको संशोधन स्वीकार गर्ने विषय भए सो संशोधनको प्रामाणिक प्रति,

(च) कुनै प्रदेशसँग सम्बन्धित सन्धि भए सो प्रदेश सरकारसँगको परामर्श।

१३. <u>कानून मन्त्रालयबाट मस्यौदा जाँच तथा सहमतिः</u> (१) दफा १२ को उपदफा (३) बमोजिम सम्बन्धित मन्त्रालयबाट सन्धिको मस्यौदा तथा अन्य कागजात प्राप्त भएपछि कानून मन्त्रालयले यस दफा बमोजिम मस्यौदा जाँच गरी तत्सम्बन्धमा राय तथा सहमति उपलब्ध गराउनेछ ।

(२) मस्यौदा जाँच गर्दा बहुपक्षीय सन्धिको हकमा सामान्यतया देहायका विषयमा विचार गर्नु पर्नेछः-

(क) सन्धि लागू हुनको लागि आवश्यक पूर्व शर्त,

(ख) सन्धि कार्यान्वयन गर्न नयाँ कानून बनाउन वा भएको कानूनमा संशोधन गर्नुपर्ने वा नपर्ने

(ग) सन्धिमा आरक्षण राख्न वा घोषणा गर्न मिल्ने वा नमिल्ने र आरक्षण राख्नु पर्ने वा घोषणा गर्नु पर्ने गरी प्रस्ताव भएकोमा सोको व्यहोरा,

(घ) सन्धि कार्यान्वयन गर्ने संस्थागत संयन्त्र र जिम्मेवार निकाय,

(ङ) सन्धिको व्यवस्था प्रचलित कानूनसँग बाझिए वा नबाझिएको,

(च) विवाद समाधानको संयन्त्र,

(छ) सर्वोच्च अदालतबाट तत् सम्बन्धमा प्रतिपादित सिद्धान्त वा नजीर,,

(ज) अन्य आवश्यक कुराहरू ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) बमोजिम राय तथा सहमति उपलब्ध गराउँदा त्यस्तो सन्धिको सम्बन्धमा आरक्षण राख्नु पर्ने वा कुनै घोषणा गर्नु पर्ने भए कानून मन्त्रालयले त्यसको मस्यौदा सहित आफ्नो राय तथा सहमति उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिम मस्यौदा जाँच गर्दा द्विपक्षीय सन्धिको हकमा देहायका विषयमा विचार गर्नु पर्नेछः-

(क) सन्धि बमोजिम निर्वाह गर्नु पर्ने कानूनी दायित्व,

(ख) सन्धि लागू हुने अवस्था,

(ग) प्रस्तावित मस्यौदाको कुनै कुरा अन्तर्राष्ट्रिय कानूनसँग बाझिएको छ वा छैन,

(घ) उपदफा (२) को खण्ड (क), (घ), (ङ), (च) र (छ) बमोजिमको विषय,

(ङ) सन्धिमा हस्ताक्षर गर्ने पूर्णाधिकार,

(च) नेपाल सरकारको निर्णय,

(छ) अन्य आवश्यक कुराहरू ।

(५) सन्धिको मस्यौदा जाँच गर्दा अन्तर्राष्ट्रिय कानून तथा प्रचलित नेपाल कानून समेतलाई दृष्टिगत गर्दा सन्धिको पक्ष बन्न आवश्यक वा उपयुक्त नदेखिएमा वा मस्यौदामा परिमार्जन, संशोधन वा हेरफेर गर्नु पर्ने देखिएमा कानून मन्त्रालयले सोही व्यहोरा आफ्नो रायमा उल्लेख गर्नुपर्नेछ ।

१४. <u>नेपाल सरकारको निर्णयको लागि पेश गर्नेः</u> (१) नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरेपछि लागू हुने सन्धिको हकमा त्यसको स्वीकृतिको लागि र अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनबाट लागू हुने सन्धिको हकमा त्यसको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनका लागि संघीय संसदको दुवै सदनमा वा प्रतिनिधिसभामा पेश गर्ने स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका विवरण संलग्न गर्नु पर्नेछः-

(क) दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन र दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भए सो को प्रतिवेदन,

(ख) कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयको सहमति वा ती मन्त्रालयबाट दिइएको राय प्रतिक्रिया र सो सम्बन्धमा सम्बन्धित मन्त्रालयको धारणा,

(ग) सन्धिको विषयवस्तुसँग सम्बन्धित निकाय, सरोकारवाला समूह तथा अन्य विज्ञहरूसँग परामर्श गरेकोमा त्यसको व्यहोरा,

(घ) सन्धिमा आरक्षण राख्ने वा कुनै घोषणा गर्ने भए त्यसको पूर्ण पाठ,

(ङ) सन्धि नेपाली भाषामा अनुवाद गरिएको भए त्यसको प्रति,

(च) नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरे पछि लागू हुने सन्धिको हकमा हस्ताक्षर गर्ने अधिकारीको पूरा नाम र पद।

१५. <u>सन्धिमा आरक्षण राख्ने</u>: (१) हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा सन्धिमा आरक्षण राख्ने व्यवस्था भएमा देहायको अवस्थामा आरक्षण राख्न सकिनेछः-

(क) सन्धिको कुनै व्यवस्था नेपालको संविधान वा प्रचलित कानून अनुकूल नभएमा,

(ख) सन्धिको कुनै व्यवस्था कार्यान्वयन गर्न नेपालको स्रोत, साधन तथा प्रशासनिक क्षमताबाट नसकिने भएमा, वा

(ग) सन्धिमा रहेको प्रावधान वा अन्य कुनै आधारमा आरक्षण राख्न उपयुक्त देखिएमा ।

(२) सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयको सहमति लिएर आरक्षणको मस्यौदा तयार गर्नु पर्नेछ ।

(३) आरक्षणको मस्यौदा अनुसूची-३ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

१६. <u>सन्धिमा घोषणा</u>: (१) सन्धिको कुनै व्यवस्थाको कार्यान्वयन नेपालको कानूनी व्यवस्था बमोजिम गरिने कुरा स्पष्ट पार्न वा सन्धिको कुनै व्यवस्थाले सृजना गरेको दायित्व नेपालको हकमा स्पष्ट पार्न आवश्यक भएमा त्यस्तो सन्धिको पक्ष बनेको वखत घोषणा गर्न सकिनेछ ।

(२) सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयको सहमति लिएर उपदफा (१) बमोजिमको घोषणाको मस्यौदा तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको घोषणाको मस्यौदा अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

१७. <u>सन्धिमा हस्ताक्षर गर्ने वा लिखत आदान प्रदान गर्ने</u>: नेपाल सरकारको निर्णयबाट हस्ताक्षर गरेपछि लागू हुने सन्धिको हकमा दफा १४ बमोजिम नेपाल सरकारबाट त्यस्तो सन्धिमा हस्ताक्षर गर्ने स्वीकृति प्राप्त भएमा पूर्णाधिकार प्राप्त अधिकारीले हस्ताक्षर गर्नु पर्ने वा त्यस्तो सन्धिमा गरिएको व्यवस्था अनुसार नेपाल सरकारले त्यस्तो सन्धि स्वीकृत गर्ने निर्णय गरेको

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

व्यहोरा उल्लेख गरी अर्को पक्षसँग लिखत आदान प्रदान गर्नु पर्नेछ र अभिलेख अधिकारी समक्ष त्यस्तो लिखत दाखिला गर्नु पर्नेछ ।

१८. सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनः नेपालको संविधानको धारा २७९ बमोजिम संघीय संसदको दुबै सदनको दुईतिहाई बहुमतबाट वा प्रतिनिधि सभाको बहुमतबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन हुने सन्धि वा नेपाल सन्धि ऐन, २०४७ को दफा ४ को उपदफा (२) बमोजिम संघीय संसदबाट प्रस्ताव पारित भएपछि नेपाल पक्ष बन्न सक्ने सन्धिको हकमा सम्बन्धित मन्त्रालयले दफा १४ बमोजिम नेपाल सरकारबाट स्वीकृत गराई संघीय संसदमा पेश गर्नुपर्नेछ ।

१९. संघीय संसदमा प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने विवरणः दफा १४ को उपदफा (१) बमोजिम नेपाल सरकारले कुनै सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको लागि संघीय संसदमा प्रस्ताव पेश गर्ने निर्णय गरेमा त्यस्तो सन्धिको विषयमा सम्बन्धित मन्त्रालयले देहायको विवरण सहितको प्रस्ताव तयार गर्नु पर्नेछः-

(क) सन्धिको उद्देश्य र त्यसमा भएका मुख्य-मुख्य व्यवस्था,

(ख) सन्धिमा नेपाल वा नेपाल सरकार पक्ष हुनु पर्ने कारण तथा त्यसको औचित्य,

(ग) सन्धिबाट नेपाललाई हुने फाइदा र निर्वाह गर्नु पर्ने दायित्व,

(घ) सन्धि कार्यान्वयन गर्न छुट्टै कानून बनाउनु पर्ने वा नपर्ने र पर्ने भए सोको विवरण,

(ङ) बहुपक्षीय सन्धिको हकमा त्यस्तो सन्धिका पक्ष भइसकेका मुलुकको नाम र संख्या,

(च) सन्धिमा आरक्षण राख्नु पर्ने वा घोषणा गर्नु पर्ने भएमा त्यसको कारण र उक्त आरक्षण वा घोषणाको मस्यौदा,

(छ) दफा ४ बमोजिमको प्रारम्भिक अध्ययन प्रतिवेदन र दफा ५ बमोजिम विस्तृत अध्ययन गरिएको भए त्यसको प्रतिवेदन,

(ज) सन्धिको सम्बन्धमा सन्धि अन्तर्गतको संयन्त्रले कुनै व्याख्या वा धारणा व्यक्त गरेको भए त्यस्तो व्याख्या वा धारणा,

(झ) सन्धिको नेपाली भाषामा गरिएको अनुवादको प्रति ।

२०. अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको जानकारी दिनेः (१) संघीय संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी प्रस्ताव पारित भएपछि सम्बन्धित मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सन्धिको व्यवस्था बमोजिम त्यसको सूचना सम्बन्धित पक्ष वा अभिलेख अधिकारीलाई दिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम दिइने सूचनाको ढाँचा सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुसूची-५ बमोजिम हुनेछ । यसरी सूचना दिँदा सन्धिमा कुनै आरक्षण राख्ने वा घोषणा गर्ने भए त्यसको पाठ समेत संलग्न गरी सूचना दिनु पर्नेछ ।

२१. <u>संघीय संसदको जानकारीको लागि पेश गर्ने:</u> नेपाल सरकारले निर्णय गरी लागू गरेका सन्धिको सूचना सम्बन्धित मन्त्रालयले त्यस्तो सन्धि सम्पन्न भए पछिको संघीय संसदको बैठक बसेको एक महिनाभित्र जानकारीको लागि संघीय संसदमा पेश गर्नु पर्नेछ।

२२. <u>सन्धिको परित्याग, निलम्बन वा निलम्बन फुकुवा</u>: (१) नेपाल वा नेपाल सरकार पक्ष भएको सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो सन्धिलाई परित्याग गर्नु पर्ने वा आंशिक वा पूरै निलम्बन गर्नु पर्ने भएमा समन्वय समितिको सुझाव लिई सम्बन्धित मन्त्रालयले त्यसको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रक्रिया प्रारम्भ गर्नु अघि सन्धिको परित्याग वा आंशिक वा पूरै निलम्बन गर्नु पर्नाको कारण र औचित्यका बारेमा सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयको समेत प्रतिनिधि रहेको एक अध्ययन टोली गठन गरी अध्ययन गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अध्ययन टोलीबाट अध्ययन गरी दिइएको प्रतिवेदनबाट सन्धिको परित्याग वा आंशिक वा पूरै निलम्बन गर्न सिफारिस प्राप्त भएमा सन्धिको परित्याग वा आंशिक वा पूरै निलम्बन गर्ने विषयमा सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयको राय तथा सहमति लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहमति प्राप्त भएपछि त्यस्तो सन्धिलाई परित्याग गर्ने वा आंशिक वा पूरै निलम्बन गर्ने स्वीकृतिको लागि सम्बन्धित मन्त्रालयले नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भएपछि सम्बन्धित मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत त्यस्तो सन्धिमा भएको व्यवस्था बमोजिम त्यसको सूचना अभिलेख अधिकारीलाई दिनु पर्नेछ ।

(६) अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको सन्धिको परित्याग वा आंशिक वा पूरै निलम्बन गरिने भए त्यस्तो सन्धिको परित्याग वा निलम्बन भएको जानकारी संघीय संसदलाई समेत दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम कुनै सन्धिलाई आंशिक वा पूरै निलम्बन गरिएकोमा त्यस्तो निलम्बन फुकुवा गर्न आवश्यक भएमा सम्बन्धित मन्त्रालयले समन्वय समितिको सुझाव लिई यस

दफा बमोजिमको प्रक्रिया प्रारम्भ गरी कानून मन्त्रालय तथा परराष्ट्र मन्त्रालयको राय तथा सहमति लिई नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन फुकुवा गर्ने स्वीकृति प्राप्त भएमा सम्बन्धित मन्त्रालयले त्यसको सूचना उपदफा (५) बमोजिम सन्धिमा भएको व्यवस्था बमोजिमको अभिलेख अधिकारीलाई दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम निलम्बन फुकुवा गर्ने स्वीकृति प्राप्त भएको जानकारी सम्बन्धित मन्त्रालयले संघीय संसदलाई दिनु पर्नेछ ।

२३. आरक्षण वा घोषणा फिर्ता: (१) सन्धिको कार्यान्वयनको क्रममा सन्धिमा राखिएको आरक्षण वा गरिएको घोषणा फिर्ता लिन आवश्यक भएमा सम्बन्धित मन्त्रालयले समन्वय समितिलाई जानकारी दिई सो सम्बन्धी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) सम्बन्धित मन्त्रालयले उपदफा (१) बमोजिम सन्धिमा राखिएको आरक्षण वा गरिएको घोषणा फिर्ता लिनु पर्ने कारण र औचित्य खुलाई सो सम्बन्धमा कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयको राय तथा सहमति लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट राय तथा सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले सन्धिमा राखिएको आरक्षण वा गरिएको घोषणा फिर्ता लिने स्वीकृतिका लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

२४. आरक्षणको विरोध: (१) कुनै सन्धिमा कुनै राष्ट्रले राखेको आरक्षणलाई नेपाल वा नेपाल सरकारले स्वीकार गर्ने वा त्यस उपर विरोध जनाउने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयमा जानकारी प्राप्त भएमा परराष्ट्र मन्त्रालयले त्यस्तो जानकारी र जानकारी साथ प्राप्त कागजात सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भए पछि सम्बन्धित मन्त्रालयले त्यस्तो आरक्षण सन्धिको उद्देश्य र प्रयोजन अनुकूल भए वा नभएको विषयमा प्रारम्भिक अध्ययन गरी अविलम्ब आरक्षण स्वीकार गर्ने वा त्यस उपर विरोध जनाउने प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(३) सम्बन्धित मन्त्रालयले त्यस्तो आरक्षण सन्धिको मूल उद्देश्य र प्रयोजन अनुकूल नभए आरक्षण उपर विरोध जनाउने वा सो सन्धिमा आरक्षण राखिएको व्यवस्था आरक्षण राख्ने राष्ट्र र नेपाल वा नेपाल सरकारको बीच लागू नहुने गरी त्यस्तो विरोध जनाउने हो सो विषयमा कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयको राय तथा सहमति लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कानून मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट राय तथा सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले त्यस्तो आरक्षण उपर नेपाल वा नेपाल सरकारको तर्फबाट विरोध जनाउने वा नेपाल वा नेपाल सरकार र आरक्षण राख्ने राष्ट्र बीच आरक्षण राखिएको



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

व्यवस्था वा त्यस्तो सन्धि लागू नहुने गरी आरक्षणको विरोध जनाउने स्वीकृतिको लागि नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम नेपाल सरकारबाट स्वीकृति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले सोही उपदफा बमोजिम आरक्षण उपरको विरोधको जानकारीको सूचना आरक्षण राख्ने राष्ट्र वा सम्बन्धित अभिलेख अधिकारीलाई परराष्ट्र मन्त्रालय मार्फत दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आरक्षण उपरको विरोधको सूचना दिंदा त्यस्तो सूचना दिई सक्नुपर्ने अवधि तोकिएको भए सोही अवधि भित्रै र नतोकिएको भए उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएको मितिले बाह्र महिनाभित्र वा नेपाल सरकारले त्यस्तो सन्धिमा सहमति व्यक्त गर्दाको बखत सोको जानकारी दिनु पर्नेछ ।

(७) सम्बन्धित मन्त्रालयले अभिलेख प्रयोजनको लागि उपदफा (५) बमोजिमको सूचनाको जानकारी कानून मन्त्रालयलाई दिनु पर्नेछ ।

२५. प्रदेशसँग परामर्श गर्नु पर्नेः (१) प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि गर्दा नेपाल सरकारले सम्बन्धित प्रदेशसँग परामर्श गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी प्रस्तावित सन्धिको प्रति सहित त्यस्तो सन्धिले सम्बन्धित प्रदेशको अधिकार वा कार्यमा पर्न सक्ने प्रभाव समेत खुलाइएको प्रतिवेदन प्रतिक्रियाको लागि सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा त्यसरी पत्र प्राप्त भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेशको मन्त्रिपरिषद्ले प्रस्तावित सन्धिले सो प्रदेशको अधिकार वा कार्यमा पर्न सक्ने प्रभाव तथा सम्बन्धित प्रदेशले आवश्यक देखेका अन्य विषयमा समेत आफ्नो धारणा सहितको परामर्श मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारलाई लेखी पठाउनु पर्नेछ।

(४) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (३) बमोजिम प्राप्त परामर्श समेतका आधारमा त्यस्तो सन्धि सम्बन्धी कारबाही अघि बढाउने वा नबढाउने निर्णय गर्नेछ।

२६. प्रदेशले सहमति माग गर्नु पर्नेः (१) कुनै प्रदेशले आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता सम्पन्न गर्न नेपाल सरकारको सहमति माग गर्दा सम्बन्धित प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरी प्रस्तावित सम्झौताको प्रति सहित त्यस्तो सम्झौता गर्नु पर्ने कारण र सोबाट पर्न सक्ने प्रभाव समेतका विषयमा विस्तृत रूपमा खुलाइएको प्रतिवेदन सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम लेखी आएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कानून मन्त्रालय र सो सम्झौतासँग सम्बद्ध अन्य मन्त्रालयको समेत राय लिई आवश्यक निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रस्तावमा नेपाल सरकारले सहमति दिने वा नदिने निर्णय गरेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोको जानकारी सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहमति दिने गरी नेपाल सरकारबाट भएको निर्णय प्राप्त भएपछि सम्बन्धित प्रदेश मन्त्रिपरिषद्ले प्रस्तावित आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता सम्पन्न गर्न सक्नेछ ।सहमति नदिने गरी नेपाल सरकारबाट निर्णय भएमा प्रदेश सरकारले त्यस्तो करारजन्य सम्झौता गर्नु हुँदैन ।

(५) सम्बन्धित प्रदेश मन्त्रिपरिषद्ले उपदफा (४) बमोजिम सम्झौता सम्पन्न गरेमा सोको मूल प्रति कानून मन्त्रालयमा अभिलेख प्रयोजनका लागि पठाउनु पर्नेछ ।

२७. <u>सन्धिको केन्द्रीय दर्ता र अभिलेखः</u> (१) कानून मन्त्रालयले नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिको केन्द्रीय अभिलेख राख्नेछ ।

(२) सम्बन्धित मन्त्रालयले नेपाल वा नेपाल सरकार पक्ष भएका प्रत्येक सन्धिको प्रामाणिक सक्कल प्रति र सोको विद्युतीय प्रति समेत केन्द्रीय अभिलेखको लागि सन्धि सम्पन्न भएको पन्ध्र दिनभित्र कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सन्धिलाई कानून मन्त्रालयले अनुसूची-६ बमोजिमको ढाँचामा सन्धिको केन्द्रीय दर्ता किताबमा दर्ता गरी सन्धिको प्रामाणिक प्रतिको अभिलेख राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सन्धि दर्ता तथा अभिलेख गरेपछि कानून मन्त्रालयले सन्धिको दर्ता नम्बर सहित अभिलेख गरिएको जानकारी सम्बन्धित मन्त्रालयलाई दिनु पर्नेछ ।

२८. <u>अन्तर्राष्ट्रिय सङ्गठनमा दर्ता गराउनेः</u> (१) सन्धिमा रहेको व्यवस्था बमोजिम वा नेपाल सरकारले दर्ता गराउने भनी निर्णय गरेको नेपाल वा नेपाल सरकार पक्ष भएको सन्धि सम्बन्धित मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग परामर्श गरी कानून मन्त्रालयले सन्धिमा व्यवस्था भए बमोजिम तथा संयुक्त राष्ट्र संघको वडापत्रको धारा १०२ बमोजिम संयुक्त राष्ट्र संघ वा सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनको सचिवालयमा दर्ता गराउन परराष्ट्र मन्त्रालय मार्फत् पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सन्धि दर्ता गर्न पठाइएको निकाय वा सङ्गठनबाट त्यस्तो सन्धिको दर्ताको जानकारी प्राप्त भएपछि परराष्ट्र मन्त्रालयले सात दिनभित्र त्यसको जानकारी सम्बन्धित मन्त्रालय र कानून मन्त्रालयलाई दिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

२९. <u>सन्धिको प्रकाशन</u>: (१) अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएका सन्धि नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका नेपाल वा नेपाल सरकार पक्ष भएका कुनै सन्धि नेपाल राजपत्रमा प्रकाशन गर्न उपयुक्त देखेमा सम्बन्धित मन्त्रालयले त्यसको निर्णय गरी प्रकाशनको लागि कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित मन्त्रालयले अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएको वा सम्बन्धित मन्त्रालयले उपदफा (२) बमोजिम नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको पन्ध्र दिनभित्र त्यस्तो सन्धिको प्रामाणिक दुई प्रति तयार गरी सोको विद्युतीय प्रति समेत नेपाल राजपत्रमा प्रकाशन गर्नको लागि कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना पठाउँदा त्यस्तो सन्धि नेपाली भाषामा समेत तयार भएकोमा नेपाली भाषाको प्रति र सोको विद्युतीय प्रति समेत पठाउनु पर्नेछ।

३०. <u>ट्रिटी सिरीज तथा वेवसाइटमा सन्धिको प्रकाशन</u>: (१) कानून मन्त्रालयले नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिहरू आवधिक रूपमा नेपाल ट्रिटी सिरीजमा प्रकाशन गर्नु पर्नेछ ।

(२) कानून मन्त्रालयले उपदफा (१) बमोजिमको ट्रिटी सिरीजको अतिरिक्त सन्धिको विवरण मन्त्रालयको वेवसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

३१. <u>सम्झौताको नमूना तयार गर्न सक्ने</u>: (१) सम्बन्धित मन्त्रालयले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नमूना (मोडल) सम्झौता बनाई प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना सम्झौता तयार गर्न सम्बन्धित मन्त्रालयले कानून मन्त्रालय, परराष्ट्र मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि र सम्बन्धित विषयका विज्ञ सहितको मसौदा समिति गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्बन्धित मन्त्रालयले तयार पारेको नमूना सम्झौताको अन्तिम मस्यौदाका सम्बन्धमा कानून मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालय वा निकायको राय तथा सहमति लिनु पर्नेछ ।

३२. <u>बार्षिक प्रतिवेदन दिने</u>: नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिको सम्बन्धमा सम्बन्धित मन्त्रालयले नेपाल सरकार कार्यविभाजन नियमावली बमोजिम आफ्नो कार्यक्षेत्रभित्र पर्ने सन्धिहरुको अद्यावधिक स्थिति, सन्धि अन्तर्गतका निकायमा पेश गर्नु पर्ने राष्ट्रिय प्रतिवेदनको तयारी, त्यस्तो प्रतिवेदनमा त्यस्ता निकायबाट प्राप्त सुझाव, सन्धि कार्यान्वयनको क्रममा देखा परेका चुनौती, त्यस्ता चुनौती सामना गर्न चाल्नुपर्ने कदम लगायत अन्य आवश्यक कुराहरु समेटिएको प्रतिवेदन तयार पारी कानून मन्त्रालय र समन्वय समितिमा पठाउनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३३. <u>समन्वय समिति:</u> (१) सन्धि सम्पन्न गर्न, नेपाल पक्ष भएको सन्धिको कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्न र तत् सम्बन्धमा आवश्यक सुझाव दिन देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारको मुख्य सचिव | - संयोजक |
| (ख) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | -सदस्य |
| (ग) | अर्थ मन्त्रालयको सचिव | - सदस्य |
| (घ) | कानून मन्त्रालयको सचिव | - सदस्य |
| (ङ) | परराष्ट्र मन्त्रालयको सचिव | - सदस्य |
| (च) | राष्ट्रिय योजना आयोगको सचिव | - सदस्य |
| (छ) | सम्बन्धित मन्त्रालयको सचिव | - सदस्य |
| (ज) | कानून मन्त्रालयको अन्तर्राष्ट्रिय कानून तथा सन्धि सम्झौता महाशाखाका सहसचिव | - सदस्य-सचिव |

(२) समन्वय समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय हितलाई दृष्टिगत गरी सन्धि, सम्पन्न गर्ने प्रक्रियाको प्रारम्भ गर्न सम्बन्धित मन्त्रालयलाई सुझाव दिने,

(ख) सन्धि सम्पन्न गर्ने सम्बन्धमा विभिन्न निकायहरुबीच समन्वय र सहजीकरण गर्ने,

(ग) नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिको कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयलाई आवश्यक सुझाव दिने।

(३) समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समन्वय समितिको सचिवालय कानून मन्त्रालयमा रहनेछ ।

३४. <u>सन्धिमा संशोधन</u>ः कुनै सन्धिमा संशोधन गर्ने प्रक्रियाका सम्बन्धमा यस निर्देशिकामा उल्लिखित कुराहरु आवश्यक हेरफेर सहित लागू हुनेछन् ।

३५. <u>प्रारम्भिक वा विस्तृत अध्ययन गराउन आवश्यक नपर्नेः</u> यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सन्धि सम्पन्न गर्नु पर्ने भएमा यस निर्देशिका बमोजिमको प्रारम्भिक र विस्तृत अध्ययन गराइ रहनु पर्ने छैनः-

(क) विपदको अवस्थामा सोको व्यवस्थापन सम्बन्धी कुनै सन्धि गर्नु परेमा,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) सार्वजनिक स्वास्थ्य, सुरक्षा वा सार्वजनिक चासोको अन्य कुनै विषयमा तत्काल सन्धि गर्नु परेमा,

(ग) अन्य कुनै कारणले नेपाल सरकारले स्वीकृति दिएमा ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

<u>विस्तृत अध्ययन प्रतिवेदनको ढाँचा</u>

१. कार्यकारी सारांश,

२. प्रस्तावित सन्धिको प्रकृति,

३. नेपाल वा नेपाल सरकार सन्धिको पक्ष बन्नु पर्ने कारण र औचित्य,

४. सन्धिको पक्ष हुँदा वा नहुँदा नेपाललाई पुग्ने फाइदा वा बेफाइदा,

५. सन्धिको पक्ष हुँदा नेपाललाई प्राप्त हुने अवसर र चुनौती तथा नेपालका तर्फबाट राख्नुपर्ने अडान वा धारणा,

६. सन्धिको पक्ष हुँदा वा नहुँदा नेपाललाई पर्न सक्ने अल्पकालीन र दीर्घकालीन असर वा प्रभाव,

७. सन्धिको पक्ष हुँदा नेपालले व्यहोर्नु पर्ने आर्थिक तथा अन्य दायित्व,

८. सन्धिको कार्यान्वयन गर्न प्रचलित कानूनमा संशोधन गर्न वा नयाँ कानून बनाउन आवश्यक पर्ने वा नपर्ने, संस्थागत सुधार वा नयाँ संरचना आवश्यक पर्ने वा नपर्ने,

९. सन्धिमा आरक्षण राख्न वा व्याख्यात्मक घोषणा गर्न सकिने भएमा आरक्षण राख्न वा व्याख्यात्मक घोषणा गर्न पर्ने वा नपर्ने,

१०. सरोकारवालाहरूसँग छलफल वा परामर्श,

११. सन्धिसँग सम्बन्धित प्रोटोकल वा संशोधन भए तिनीहरूको समेत सम्भावित प्रभाव,

१२. सन्धि परित्याग गर्न वा सन्धिबाट फिर्ता हुन सकिने वा नसकिने र त्यसको प्रक्रिया,

१३. सन्धिको सम्बन्धमा सम्बन्धित मन्त्रालय वा निकायको धारणा,

१४. सन्धिको सम्बन्धमा अध्ययन टोलीको राय वा धारणा,

१५. अन्य आवश्यक विषयहरू ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-२

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

<u>पूर्णाधिकारको ढाँचा</u>

Government of Nepal
Minister for Foreign Affairs
FULL POWERS

I, [………………………Minister for Foreign Affairs],
HEREBY AUTHORIZE [name and title] to [negotiate, adopt, authenticate text, sign, effect the following, reservation,declaration in respect of, etc.] the [title and date of treaty] on behalf of the Government of Nepal.

Done at [place] on [date].
[Signature]

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-३

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

<u>आरक्षणको ढाँचा</u>

Government of Nepal

Minister for Foreign Affairs

[RESERVATION]

I, [……………(name), Minister for Foreign Affairs], HEREBY DECLARE that the Government of Nepal makes the following [reservation] in relation to article(s) [---] of the [title and date of adoption of the treaty]:

[Substance of reservation]

IN WITNESS WHEREOF, I have hereunto set my hand and seal.

Done at [place] on [date]
[Signature and title]

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची - ४

(दफा १६ को उपदफा (३) सँग सम्बन्धित)

<u>घोषणाको ढाँचा</u>

Government of Nepal

Minister for Foreign Affairs
[ DECLARATION]

I, [name), Minister for Foreign Affairs], HEREBY DECLARE that the Government of Nepal makes the following [declaration] in relation to article(s) [---] of the [title and date of adoption of the treaty.]:

[Substance of declaration]

IN WITNESS WHEREOF, I have hereunto set my hand and seal.

Done at [place] on [date].

[Signature and title]

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-५

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

<u>सन्धि अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको जानकारी दिने पत्रको ढाँचा</u>

खण्ड (क)

Government of Nepal

Minister for Foreign Affairs
[RATIFICATION / ACCEPTANCE / APPROVAL]
WHEREAS, the [title of treaty, convention, agreement, etc.] was [concluded, adopted, opened for signature, etc.] at [place] on [date],
AND WHEREAS, the said [title of treaty] has been signed on behalf of the Government of Nepal or Nepal on [date],
NOW, THEREFORE, I, (name), Minister for Foreign Affairs] declare that the Government of Nepal or Nepal having considered the above-mentioned [title of treaty], [ratifies, accepts or approves,] the same and undertakes faithfully to perform and carry out the stipulations therein contained.
IN WITNESS WHEREOF, I have signed this instrument of [ratification/ acceptance/ approval/] at [place] on [date].

[Signature]

खण्ड (ख)

Government of Nepal
Minister for Foreign Affairs
ACCESSION

WHEREAS, the [title of treaty] was [concluded, adopted, opened for signature, etc.] at [place] on [date],
NOW, THEREFORE, I, (name), Minister for Foreign Affairs] declare that the Government of Nepal/Nepal, having considered the above-mentioned [title of treaty], accedes to the same and undertakes faithfully to perform and carry out the stipulations therein contained.
IN WITNESS WHEREOF, I have signed this instrument of accession at [place] on [date].

[Signature]

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-६

(दफा २७ को उपदफा (३) सँग सम्बन्धित)

<u>सन्धिको अभिलेख राख्ने केन्द्रीय दर्ता किताबको ढाँचा</u>

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सन्धिको केन्द्रीय दर्ता किताब

| | |
|---|---|
| सन्धिको दर्ता नम्बर | |
| दर्ता मिति | |
| सन्धिको पक्ष | |
| सन्धिको विषय | |
| सन्धिको भाषा | |
| सन्धि भएको स्थान | |
| सन्धि सम्पन्न भएको मिति | |
| सन्धिमा आरक्षण राखेको भए सोको व्यहोरा | |
| सन्धिमा व्याख्यात्मक घोषणा गरेको भए सोको व्यहोरा | |
| सन्धि लागू रहने अवधि | |
| नेपाल पक्ष भएको मिति | |
| अनुदान, ऋण सम्झौताको हकमा सहायक ऋण सम्झौता गरेको भए सोको विवरण | |
| सन्धि अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरेको लिखतको व्यहोरा | |
| सन्धिमा हस्ताक्षर गर्ने पदाधिकारीको नाम, थर | |
| सन्धिको परित्याग, निलम्बन वा निलम्बन फुकुवा भएको भए सोको व्यहोरा र मिति | |
| सन्धिमा गरिएको आरक्षण वा घोषणा फिर्ता लिएको भए सोको मिति | |
| सन्धिमा कुनै राष्ट्रले राखेको आरक्षण उपर विरोध जनाइएको भए सोको व्यहोरा र मिति | |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय